# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६ (संख्या ७) असाड २५ गते २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## मदिरा नियन्त्रण, नियमन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति :२०८०/०३/१९

**प्रस्तावना:**

चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभित्र हुने अवैध मदिराको उत्पादन, विक्रि वितरणले समाजमा विकृति र विसंगति फैलिन गई विभिन्न प्रकारका हिंसाका घटनाहरुलाई नियन्त्रण गरि समाजमा शान्ति सुव्यवस्था कायम गर्न, समाजमा रहेका विभिन्न किसिमका विकृति, विसंगति र दण्डहिनताको अन्त्य गर्न, हाम्रो जस्तो अल्पविकसित देशमा लागु औषध र विषेश रुपमा मदिराको पयोगवाट राष्ट्र निर्माणमा महत्वपूण भुमिका भएका देशको अमुल्य जनशक्ति युवा पिंढि दुव्यर्सनीको चपेटामा पर्न गई आर्थिक विकासमा ठूलो क्षेति हुँदै गई राखेको वर्तमान अवस्थालाई मध्यनजर गर्दै त्यस्तो दुर्घटना हुनवाट जोगाउन मदिरा नियन्त्रण तथा नियमन सम्वन्धि आवश्यक कानून निर्माण गरि लागु गर्न वाञ्छनीय भएकाले,

चामुण्डाविन्द्रासैनी नगरपालि नगर कार्यपालिकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिकी

**१. संक्षिप्त नाम, प्रारम्भ र क्षेत्र :** (१)यस कार्यविधिको नाम "मदिरा नियन्त्रण, नियमन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुने छ ।

**२. परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "इजाजतपत्र" भन्नाले यस नगर क्षेत्रभित्र कानून बमोजिम र यस नगरकार्यपालिकालेमदिरा उत्पादन, विक्रिवितरण, निकासी वा पठौरी गर्न दिइएको अनमु ति पत्र सम्झनुपर्छ ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नको लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने, वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको समिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाईने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।





(ग) "कार्यपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनुपर्दछ ।

(घ) "जुवा तास" भन्नाले सम्पति हार्ने वा जित्ने उद्धेश्यले तासको माध्यामवाट दुई वा दुई जना भन्दा बढि मानिसको विचमा खेल सम्झनु पर्छ ।

(ङ) "जनप्रतिनिधि"भन्नाले चामुण्डा विन्द्रासैनी नगरकार्यपालिकाको सदस्य वा नगरसभाको सदस्य सम्झनु पर्छ। उक्त शब्दले नगरपालिकाको प्रमुख र उपप्रमुख समेतलाई जनाउँछ ।

(च) "नगरपालिका" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका सम्झनु पर्छ।

(छ) "नगरसभा" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरसभा सम्झनु पर्छ।

(ज) "न्यायिक समिति" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको न्यायिक समिति सम्झनु पर्छ ।

(झ) "प्रशासन कार्यालय" भन्नाले जिल्ला प्रशासन कार्यालय सम्झनु पर्छ।

(ञ) "प्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ।

(ट) "उपप्रमुख" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ड) "मदिरा" भन्नाले अन्न, फलफुल, वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायिनिक प्रकृयाद्वारा कुहाई वा अन्य कुनैतरिकावाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्विस्की, रम, जीन, ब्रान्डी, भोड्का, वियर, वाईन आदी सम्झनु पर्छ ।

(ढ) "लागुऔषध" भन्नाले गाँजा, अफिम, चरसे , भाङ, आदी सम्झनुपर्छ ।

(ण) "वडा समिति" भन्नालेचामुण्डा विन्द्रासैनी नगरपालिकाका सबैनौवटैवडा समितिहरु सम्झनु पर्छ ।

(त) "व्यक्ति" भन्नाले कुनै पनि व्यक्ति,प्रतिस्ठान, संघ आदी सम्झनु पर्छ।

(थ) "सार्वजनिक स्थल" भन्नाले सरकारी निकाय, संस्था वा कार्यालय, शिक्षण संस्था,उधोग, बाल उद्यान क्लव, होटेल, आवास लगायत धार्मिक स्थल जस्ता अन्य विषय सम्झनु पर्छ।

### परिच्छेद २
### समिति सम्बन्धी व्यवस्था

**३.समिति गठन सम्बन्धी व्यवस्था :** (१) नगरपालिका क्षेत्र भित्र हुने अवैध मदिरा उत्पादन तथा विक्रि वितरणलाई नियन्त्रण, व्यवस्थापन र नियमनका लागि आवश्यक कार्य गर्न देहाय बमोजिम एक नगर स्तरी मुल समिति गठन हुनेछ।

(क) नगर प्रमुख -अध्यक्ष
(ख) नगर उपप्रमुख -सदस्य
(ग) कार्यपालिका सदस्यहरु मध्यवाट एक जना महिला र दलित गरि तीन जना -सदस्य
(घ) स्थानीय प्रहरी कार्यालय प्रमुख -सदस्य
(ङ) नगर स्तरी महिला समुहका अध्यक्ष -सदस्य
(च) नगर स्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष -सदस्य
(छ) स्थानीय होटल व्यवशायी संघको अध्यक्ष -सदस्य
(ज) राजस्व शाखा प्रमुख -सदस्य
(झ) प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) नगरपालिका क्षेत्र भित्र रहेको अवैध तथा अव्यवस्थित मदिराको उत्पादन तथा विक्रि वितरणलाई नियन्त्रण, नियमन र उचित व्यवस्थापन सम्बन्धी कार्य गर्ने र गर्न निर्देशन दिने,

(ख) नगरपालिका क्षेत्रभित्र रहेको अवैध र अव्यवस्थित मदिराको उत्पादन तथा विक्रि वितरण नियन्त्रण तथा व्यवस्थान गर्न स्थानीय सुरक्षा निकाय र नगर प्रहरी परिचालनका सम्बन्धमा आवश्यक समन्वय तथा निर्देशन दिने,

(ग) समय समयमा बजार अनुगमन गर्ने तथा गर्न लगाउने,

(घ) वडा स्तरीय समिति तथा अन्य मातहतका निकायलाई मदिरा नियन्त्रण तथा नियमन र व्यवस्थित गर्न आवश्यक निर्देशन दिने,

(ङ) अन्य आवश्यक कार्य गर्ने, गराउने ।

**४. वडा स्तरीय समिति गठन सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाको नौवटै वडाहरुको मदिरा नियन्त्रण, नियमन तथा व्यवस्थापन गर्न तथा नगर स्तरीय मुल समितिको निर्देशन बमोजिम कार्य गर्नको लागि देहाय बमोजिम एक वडा स्तरीय समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष | -संयोजक |
| (ख) वडाका वडा सदस्यहरु | -सदस्य |
| (ग) स्थानीय सुरक्षा निकायको प्रतिनिधि | -सदस्य |
| (घ) वडा स्तरीय महिला सञ्चाल, टोल विकास संस्था, आमा समुह मध्य समावेशी हुने गरि वडा अध्यक्षले मनोनित गरेको तीन जना | -सदस्य |
| (ङ) स्थानीय उद्योग वाणिज्य संघ तथा होटल व्यवशायीहरु मध्यवाट दुई जना | -सदस्य |
| (च) वडा सचिव | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम वडा स्तरीय समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) वडामा मदिरा उत्पादन तथा विक्रि वितरण सम्बन्धी गतिविधिको वारेमा नगर स्तरीय समितिलाई जानकारी गराउने,

(ख) कार्यविधिमा व्यवस्था भए बमोजिम कार्यहरु नियमित रुपमा गर्ने,

(ग) कार्यविधिको उलंघन गर्ने जो कसैलाई पनि जरिवाना गर्ने तथा अटेर गर्नेको वारेमा नगर स्तरीय समितिलाई जानकारी गराउने,

(घ) कार्यविधि कार्यान्वयनको चरणमा आवश्यक सुझावहरु भए नगर स्तरीय समितिलाई जानकारी गराउने,

(ङ) समय समयमा नगर स्तरीय समितिले दिएका निर्देशनहरुको पालना गर्ने,

(च) आवश्यकता अनुसार अन्य तोकिए बमोजिम कार्यहरु गर्ने ।

## परिच्छेद ३
## सुरक्षा संयन्त्र परिचालन, नियन्त्रण, खानतलासी तथा जफत सम्बन्धी व्यवस्था

**५.सुरक्षा कर्मी परिचालन गर्न सकिने :** (१) नगरपालिकाको नौवटै वडाहरुमा अवैध तथा अव्यवस्थित मदिरा नियन्त्रण, नियमन तथा उचित व्यवस्थापनका लागि नगर स्तरीय समितिले नगरपालिकामा रहेको नगर प्रहरी र जनपथ प्रहरीको संयुक्त टोलीलाई आवश्यकता अनुसार वा दैनिक परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रहरी टोली परिचालन गर्दा समितिले एक वडामा चार जना नगर प्रहरी र जनपथ प्रहरी टोली खटिने गरि आवश्यक व्यवस्था मिलाउनेछ ।

**६. नियन्त्रणमा लिन सक्ने :** (१) अवैध मदिरा उत्पादन गर्ने, यस कार्यविधि विपरित मदिरा विक्रि वितरण ओसार पसार गर्ने, वा मदिरा सेवन गरि हो हल्ला गर्ने र समाजमा अशान्ती फैलाउने व्यक्तिलाई नियन्त्रणमा लिई आवश्यक सजाय वा जरिवाना गर्न सकिनेछ ।



खण्ड ६ (संख्या ७) असाड २५ गते २०८०

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिंदा सम्बन्धित क्षेत्रमा खटिएको प्रहरी टोलीले नगर स्तरीय समितिलाई जानकारी गराइ नियन्त्रणमा लिन सकिनेछ ।

(३) नगर स्तरीय समितिले उपदफा (२) बमोजिम जानकारी प्राप्त भएमा तत्काल आवश्यक निर्देशन दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम नियन्त्रणमा लिएको व्यक्तिलाई प्रचलित कानून बमोजिम हदै सम्मको कारबाहीको लागि नगर स्तरीय समितिले सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

**७. खानतलासी लिन सक्ने :** (१) यस कार्यविधि बमोजिम नगरपालिकाकाको कुनै स्थानमा कार्यविधि विपरित कार्य भइरहेको वा सजाय हुने किसिमको कार्य भएको छ भन्ने मनासिव कारण भएको अवस्थामा नगर स्तरीय मुल समितिले आफै वा वडा स्तरीय समितिलाई निर्देशन दिई खानतलासी गर्ने प्रक्रिया अघि बढाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा नगर स्तरीय समितिले जिल्ला प्रशासन कार्यालय सँग समन्वय गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम खानतलासी गर्दा खानतलासी गर्न खोजिएको घर, पसल, गोदाम वा अन्य कुनै क्षेत्र सँग सम्बन्धित व्यक्तिलाई पूर्वजानकारी दिनुपर्नेछ ।

(४) खानतलासी गरिएको त्यस्तो कुनै स्थानमा यस कार्यविधि बमोजिम सजाय हुने बस्तु वा कसुर गर्ने व्यक्ति भेटिएमा तत्काल नियन्त्रणमा लिई कब्जा गर्ने कब्जा गर्ने तथा गिरफ्तार गर्न सक्नेछ र यसरी कब्जा गर्दा वा गिरफ्तार गरि नियन्त्रणमा लिंदा सुरक्षाकर्मीको सहयोग लिनुपर्नेछ ।

**८. जफत गरिएको बस्तु वा मालको व्यवस्थापन :** (१) यस कार्यविधि बमोजिम जफत गरिएको मदिरा सँग सम्बन्धित सामाग्रीलाई नष्ट गर्नु पर्ने भए उपयुक्त स्थानमा नष्ट गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नष्ट गर्नु नपर्ने माल वा वस्तु रहेछ भने त्यस्तो प्रकृतिको बस्तु नगरपालिकाले लिलाम विक्रि गरि त्यसवाट प्राप्त हुन आएको रकम मदिरा कोषमा जम्मा गर्नुपर्नेछ ।

## परिच्छेद ४
## मदिरा कोष सम्बन्धी व्यवस्था

**९. मदिरा कोषको स्थापना :** (१) यस कार्यविधि बमोजिम सजाय, जरिवाना, कब्जा गरिएको बस्तु लिलाम गर्दा प्राप्त भएको रकम नगरपालिका कार्यालयले एक छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम देहायका क्षेत्रमा खर्च गर्न सकिनेछ :-

| | |
|---|---|
| (क) शैक्षिक क्षेत्रको लागि | -१० प्रतिशत रकम, |
| (ख) स्वास्थ्य क्षेत्रको लागि | -१० प्रतिशत रकम, |
| (ग) मदिरा सेवनको कारणले निधन भई असहाय भएका बालबालिकालाई | -१५ प्रतिशत रकम, |
| (घ) यस कार्यविधि विपरित कार्य गरेको जानकारी नगरपालिका तथा सम्बन्धित निकायलाई जानकारी गराए वापत पुरस्कारको लागि | -५ प्रतिशत रकम |
| (ङ) नगरपालिकाको आन्तरिक राजस्वमा जम्मा हुने गरि | -३० प्रतिशत रकम र |
| (च) मदिरा नियन्त्रण तथा नियमन कार्यमा खटिने प्रहरी कर्मचारीहरुको प्रोत्साहन स्वरुप | -३० प्रतिशत |

(३) उपदफा (१) बमोजिम कोषको सञ्चालन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखतवाट हुनेछ ।

## परिच्छेद ५
## मदिरा उत्पादन तथा विक्रि वितरण सम्बन्धी व्यवस्था

**१०. अवैध मदिरा उत्पादन, विक्रि वितरण तथा सेवन गर्न नहुने :** (१) यस नगर पालिका क्षेत्र

भित्र कोही कसैले पनि अवैध मदिरा उत्पादन गर्ने, विक्रि वितरण गर्ने र सेवन गर्ने काम गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि यस नगरपालिका क्षेत्रभित्र परम्परागत रुपमा चलि आएको रिति रिवाज तथा संस्कृती अन्तर्गत उत्पादन हुने मदिरा कुनै संस्कृतिको संरक्षणको प्रयोजको लागि भएको भरपर्दो कारण देखिएमा यस कार्यविधि बमोजिमको कसुर गरेको मानिने छैन ।

(३) उपदफा (२) बमोजिम उत्पादन गरिएको मदिरा यस कार्यविधि विपरित गरेको पाइएमा कसुर गरेको मानिनेछ ।

**११. इजाजत लिनु पर्ने :** (१) यस नगरपालिका क्षेत्रभित्र कोही कसैले पनि नेपाल सरकार वाट इजाजत प्राप्त गरी उत्पादन गरेको मदिरा यस नगरपालिकामा व्यवशाय दर्ता गरी इजाजत लिइ देहाय बमोजिम मापदण्ड पुरा गरी मात्र विक्रि वितरण गर्नुपर्नेछ ।

(क) यस नगर भित्र आयात हने मदिरा यस नगरपालिकाको दफास्वीकृति लिएर मात्र प्रवशे गरेको हुनु पर्नेछ ।

(ख) यस नगरपालिकाको तकिएको निश्चित क्षेत्रबाट मात्र विक्रि वितरण गर्नुपर्नेछ ।

(ग) नगरपालिकाको व्यवशाय कर सम्बन्धी कार्यविधि बमोजिम व्यवशाय दर्ता भएको हनु पर्ने छ ।

(घ) मदिरा विक्रि वितरण गर्ने उद्धेश्यले यस नगरमा दर्ता भएको पसलवाट मदिरा बाहेक अन्य कुनैपनि बस्तुविक्री वितरण गर्न पाइने छैन ।

(ङ) अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा विक्रि वितरण गर्न पाईने छैन ।

(च) मदिरा विक्रि वितरण हुने पसलमा अठार वर्ष उमेर पुरा नगरको व्यक्तिले विक्रि वितरण गर्न पाईने छैन ।

(छ) मदिरा विक्रि वितरण गर्दा वेलुका ६.०० वजे देखि राती ९.०० बजे सम्म मात्र विक्रि वितरण गर्न पाईने छ ।

(ज) मदिरा विक्रि वितरण गर्ने इजाजत लिई सँचालनमा रहेका व्यवशायीहरुले नेपाल सरकारको कुनै निकायवाट लिएको र यस नगरपालिकामा दर्ता गरी लिएको इजाजत पत्र सबैले देख्ने देख्ने गरी टाँस्नु पर्ने छ ।

(झ) मदिरा विक्रि वितरण गर्दा विद्यालय तथा मन्दिर जस्ता अति सम्बेदशिल क्षेत्र बाट ५०० मिटर टाढा बाट मात्र विक्रि वितरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) को खण्ड (छ) मा उल्लेखित समयावधि विपरित मदिरा बिक्रि वितरण गर्ने व्यक्ति, फर्म तथा व्यवसायीलाई देहाय बमोजिम जरिवाना हुनेछ ।

(क) कार्यविधि लागु भएको मितिले पहिलो पटक भए रु. १५००।-

(ख) कार्यविधि लागु भएको मितिले दोश्रो पटक भए रु. २५००।-

(ग) कार्यविधि लागु भएको मितिले तेश्रो पटक भए रु. ३५००।-

(घ) कार्यविधि लागु भएको मितिले चौथो पटक भए रु. ५०००।-

**१२.इजाजत पत्र रद्ध गर्न सक्ने :** नगरपालिका क्षेत्र भित्र मदिरा जन्य पदार्थ विक्रि वितरण गर्ने उद्धेश्यले नगरपालिकाको व्यवशाय कर सम्बन्धी कार्यविधि बमोजिम दर्ता भएका व्यवशायीहरुले यस कार्यविधिमा तोकिएका कार्यको हकमा चार पटक सम्म उलंघन गरेका त्यस्तो व्यवशायीको इजाजत पत्र नगर स्तरीय समितिले रद्ध गर्न निर्देशन दिन सक्नेछ ।

**१३. स्वीकृती लिनु पर्ने :** (१) यस नगरपालिका क्षेत्रभित्र नेपाल सरकार कर कार्यालयमा दर्ता भइ होलसेल व्यवशाय गर्ने व्यवशायीले मदिरा जन्य पदार्थ विक्रि गर्दा यस नगरपालिकाको स्वीकृती लिएर मात्र विक्रि वितरण गर्नुपर्नेछ ।





(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस नगरपालिका क्षेत्रभित्र पचास (५०) युपी भन्दा माथिको मदिरा प्रवेश तथा विक्रि वितरण पूर्णत निषेध गरिनेछ । त्यस्तो निषेधित मदिरा नगरपालिकाको निर्देशनमा सुरक्षा निकायले सम्बन्धित वडाको जनप्रतिनिधिको रोहवरमा जुनसुकै बखत जफत गरि नष्ट गर्न सक्नेछ ।

## परिच्छेद ६
## सजाय सम्बन्धी व्यवस्था

**१४. अवैध घरेलु मदिरा विक्रि वितरण गर्न नहुने :** यस कार्यविधि बमोजिम यस नगर क्षेत्र भित्र कोही कसैले अवैध रुपमा अवैध घरेलु मदिरा उत्पादन गरि विक्रि वितरण गरेमा उत्पादन गर्न प्रयोग गरिएको सामाग्री जफत गर्नुका साथै देहाय बमोजिम आर्थिक जरिवाना तथा यस नगरपालिकावाट प्रवाह हुने सबै सेवा रोक्का राख्ने सम्मको कारबाही गर्न सक्नेछ :-

(क) कार्यविधि लागु भएको मितिले पहिलो पटक भए रु. ३०००।-

(ख) कार्यविधि लागु भएको मितिले दोश्रो पटक भए रु. ४०००।-

(ग) कार्यविधि लागु भएको मितिले तेश्रो पटक भए रु. ५०००।-

(घ) कार्यविधि लागु भएको मितिले चौथो पटक भए रु. १००००।-

**१५. सार्वजनिक स्थलमा मदिरा सेवन गरी होहल्ला गर्न नहुने :** नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा कोही कसैले पनि मदिरा सेवन गरी होहल्ला गर्ने, शान्ति भङ्ग गर्ने र अरुलाई प्रत्यक्ष असर पुग्ने कार्य गर्न पाईने छैन यदी त्यस्तो गरेका भेटिएमा तत्काल नियन्त्रणमा लिई देहाय बमोजिम आर्थिक जरिवाना गर्न हुनेछ ।

(क) कार्य विधि लागु भएको मितिले पहिलो पटक भए रु. २०००।-

(ख) कार्य विधि लागु भएको मितिले दोश्रो पटक भए रु. ३०००।-

(ग) कार्य विधि लागु भएको मितिले तश्रो पटक भए रु. ४०००।-

(घ) कार्य विधिव लागु भएको मितिले चौथो पटक भए रु. ६०००।-

**१६. कडा सजाय हुन सक्ने :** यस कार्यविधि विपरित कोही कसैले यस नगरपालिका क्षेत्र भित्र बारम्वार कसुर गरिरहेमा नगरपालिकाले प्रचलित कानूनको अधिनमा रही हदै सम्मको कारबाहीको लागि प्रकृया अघि बढाउन सक्नेछ ।

**१७. पुनरावेदन सम्बन्धी व्यवस्था :** यस कार्यविधि बमोजिम कोही कसैलाई भएको सजाय उपर चित्त नबुझेको खण्डमा नगरपालिकाको न्यायिक समिति समक्ष पैतिस दिन भित्र पुनरावेदन दिन सकिनेछ ।

**१८. पुरस्कार प्रदान गरिने :** यस नगरक्षेत्र भित्र कुनै पनि स्थानमा अवैध घरेलु मदिरा उत्पादन तथा विक्रि वितरण भईरहेको छ वा यस कार्यविधि बमोजिम अन्य क्रियाकलाप भईरहेको वा कसैले सेवन गरी हो हल्ला तथा अशान्ती फैलाएको छ भन्ने भरपर्दो जानकारी यस नगरपालिका वा सम्बन्धित निकाय समक्ष दिएमा त्यस्ता व्यक्ति वा समुहलाई उनीहरुको चाहाना अनुसार गोप्य राखि उचित पुरस्कारको समेत व्यवस्था गरिने छ ।

## परिच्छेद ७
## विविध

**१९. मापसे परिक्षण गर्नुपर्ने :** यस कार्यविधि बमोजिम गस्तिमा खटिएको प्रहरीले कुनै व्यक्तिलाई मदिरा सेवन गरिरहेको अवस्थामा नियन्त्रणमा लिएमा त्यस्तो व्यक्तिलाई चामुण्डाबिन्द्रासैनी नगरपालिकाको देहाय बमोजिम तोकिएका स्वास्थ्य सँस्थाहरुमा मापसे परिक्षण गर्नुपर्नेछ ।

(क) बिन्द्रासैनी स्वास्थ्य चौकी बिन्द्रासैनी

(ख) चामुण्डा स्वास्थ्य चौकी हाडाकोट

**२०. यसै कार्यविधि अनुसार गर्न सकिने :** लागु औषध ऐन, २०३३, जुवा ऐन, २०२०, सूर्तीजन्य पदार्थ

(नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८, आवश्यक पदार्थ नियन्त्रण(अधिकार) ऐन, २०१७ ले नगर्नु नगराउनु भनी अपराध हुने सबै किसिमका क्रियाकलाप यस नगरपालिका क्षेत्र भित्र यसै कार्यविधि अन्तर्गत प्रचलित कानूनको अधिनमा रही नियन्त्रण र नियमन गर्न सकिने छ।

**२१. स्वतः खारेज हुने :** यो कार्यविधि वा कुनैदफा उपदफा संघिय कानून वा प्रदशे कानून सँग बाझिएको खण्डमा स्वतः खारेज हुनेछ।

**२२. आवश्यक संशोधन गर्न सक्ने :** नगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यकताअनुसार आवश्यक संशोधन गर्न सक्नेछ।

**२३. खारेजी :** मदिरा नियन्त्रण सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।



आज्ञाले
श्याम बहादुर रावत
नि.प्रमुख प्रशासकीय अधिकृत



खण्ड ६ (संख्या ७) अषाड २५ गते २०८०